This Question Paper consists of 31 questions and 8 printed pages.
यस प्रश्न-पत्रमा 31 प्रश्न र 8 मुद्रित पृष्ठ छ।

Roll No.
अनुक्रमांक

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |

**Code No.** **63/S/A/N**
**कोड नं०**

**Set / सेट** A

# NEPALI
# नेपाली
# (231)

Day and Date of Examination (परीक्षाको दिन अनि दिनाङ्क) ..........................................................................................

Signature of Invigilators (निरीक्षकहरूको हस्ताक्षर) 1. ..........................................................................................

2. ..........................................................................................

***सामान्य अनुदेश :***

1. परीक्षार्थीले आफ्नो रोल नम्बर प्रश्न-पत्रको प्रथम पृष्ठमा लेख्नु पर्नेछ।
2. प्रश्न-पत्रको कुल पृष्ठ संख्या र कुल प्रश्न संख्या प्रश्न-पत्रको प्रथम पृष्ठको माथिल्लो कुनामा लेखिएको छ। प्रश्न-पत्रको पृष्ठ संख्या पूरा छ या छैन जाँच्नको निम्ति कृपया त्यस संख्यासँग दाजेर हेर्नोस्। प्रश्न अनुवर्ती क्रममा छ/छैन त्यो पनि जाँच्न आवश्यक छ।
3. वस्तुनिष्ठ प्रश्नहरूका दिइएको चार विकल्पहरू (A), (B), (C) अथवा (D) देखि कुनै एउटामा दिइएको उत्तर-पुस्तिकामा चिह्नित गर्नोस्।
4. वस्तुनिष्ठ प्रश्नहरूसँग सबै प्रश्नहरूका उत्तर निर्धारित समयमा लेख्नु पर्नेछ अनि वस्तुनिष्ठ प्रश्नहरूका उत्तरलाई कुनै अतिरिक्त समय-सीमा निश्चित छैन।
5. उत्तर-पुस्तिकामा परिचयको कुनै चिह्न बनाइएको अथवा निर्दिष्ट स्थान वाहेक अन्य कुनै पनि ठाउँमा रोल नम्बर लेखिएको पाइए, परीक्षार्थीलाई अयोग्य ठहराइन्छ।
6. उत्तर-पुस्तिकामा आफ्नो प्रश्न-पत्रको कोड नं. 63/S/A/N, सेट A लेख्नुहोस्।



Unnati Educations
9899436384, 9654279279

# NEPALI
# नेपाली
# (231)

समय : 3 घण्टा ] [ पूर्णाङ्क : 100

**निर्देश :** (i) **सबै** प्रश्नको उत्तर अनिवार्य छ र प्रश्नको अङ्क छेउमा दिइएको छ।

(ii) सबै प्रश्नहरू ध्यानपूर्वक पढ्नुहोस् अनि उत्तर दिनुहोस्।

(iii) प्रश्नोत्तर सम्बन्धी दिइएका विकल्पमध्ये सर्वाधिक उपयुक्त उत्तर-पुस्तिकामा चिह्नित गर्नुहोस्।

तलका प्रश्नहरूका चार विकल्पहरू-माझ सही विकल्पलाई उत्तर-पुस्तिकामा चिह्नित गर्नु पर्नेछ : 1×6=6

**1.** 'उत्तरतिर कंस करायो' कविता छ

(A) अन्याय र अत्याचार-को पक्षमा (B) उपदेशात्मक

(C) क्रान्तिकारी (D) क्रान्तिकारी अनि व्यङ्ग्यात्मक

**2.** 'कलमवीर' कवितामा कुन अलङ्कार छ?

(A) श्लेष (B) अनुप्रास

(C) उपमा (D) रूपक

**3.** 'पूर्वको सन्देश' भन्नाले के बुझिन्छ?

(A) अन्याय, सत्य, हिंसा, शांति (B) सत्य, प्रेम, अहिंसा, शांति

(C) अर्चना, स्वागत, सत्य (D) तृष्णा, क्षुधा, कामना

**4.** भानुभक्तको भाषाका विशेषताहरू हुन्

(A) साधारण अनि ठीकैको (B) असाधारण अनि अप्ठेरो

(C) सरल, सहज र मीठो (D) तत्सम प्रधान



Unnati Educations
9899436384, 9654279279

**5.** डा० शान्ति छेत्रीको कवितामा परेवा प्रतीक हो

(A) मानिसका (B) शान्तिका

(C) युद्धका (D) विश्वका

**6.** 'सिकारुप्रति' कवितामा कवि-अनुसार पृथ्वीको सर्वश्रेष्ठ प्राणी हो

(A) देवता (B) देवी

(C) सिंह (D) मानिस

**7.** तलका प्रश्नहरूको उत्तर सङ्क्षेपमा लेख्नुहोस् : 1×5=5

(क) 'आमा' शीर्षक कविताका कवि के हुन्?

(ख) 'भक्तमाला' कविताबाट के सन्देश पाइन्छ?

(ग) 'आशुकवि' केलाई भनिन्छ?

(घ) ''गोरखाली जाति कहिले बुद्धिको खान होला'' काव्य-पङ्क्तिमा 'बुद्धिको खान' भनेको के हो?

(ङ) 'पगाली पोली त्यो चिज गठन पारी पिटीपिटी'-मा कुन अलङ्कार हो?

**8.** निम्नलिखित कुनै **एक** पद्यांशको सप्रसङ्ग व्याख्या लेख्नुहोस् : 5

(क) म मात्र मानछु तिमी जस्तै आँसु सुकेर
सेता र रूपौला बादलले नभ
काला धूवाँ नउड्न कहिल्यै कतै भन्छ
तिमी जस्तै जैतुनका हाँगा चुच्चामा ज्यापी
डुलूँ भन्छ हेरत मोहका साङ्ला मेरा खुट्टामा पनि
तर तिमी त पखेटादार।



Unnati Educations
9899436384, 9654279279

(ख) भाग्य विधायक मानिस हुन्छ
भाग्यहीन किन हुन्छ?
सुक्ख विचारक सुखी नै हुन्छ
दुखिया दुखि नै हुन्छ।

**9.** निम्नलिखित कुनै **तीन** प्रश्नहरूको उत्तर *25* शब्दभित्र लेख्नुहोस् : 3×3=9

(क) शहीदको खुशीको बलिदान कसरी हाम्रो सुखमय दिन हो? खुलस्त पार्नुहोस्।

(ख) आमालाई किन ईश्वरकी प्रतीक भनिन्छ?

(ग) मन्दाक्रान्ता के हो? यसका लक्षणहरू लेख्नुहोस्।

(घ) मानिसको मृत्यु काग र कुकुर जस्तो नहोस्—किन?

तलका प्रश्नहरूको चार विकल्पहरूमध्ये सबैभन्दा उपयुक्त उत्तर आफ्नो उत्तर-पुस्तिकामा लेख्नुहोस् : 1×6=6

**10.** "बुझिस, यही कुकुर नै मानिसको निस्स्वार्थ मित्र हो"—कसले भनेको हो?

(A) सुखवीरले
(B) प्रदीपले
(C) नोकरले
(D) हरिबाजेले

**11.** 'नासो' कथामा सुशील कसको छोरो हो?

(A) लक्ष्मी र देवीरमण-को
(B) नौली र देवीरमण-को
(C) सुशील र देवीरमण-को
(D) सुभद्रा र देवीरमण-को

**12.** चियाबारीमा पैसा फल्छ भनेर नेपालीहरू कहाँबाट आए?

(A) चीनबाट
(B) भूटानबाट
(C) पाकिस्तानबाट
(D) नेपालबाट


Unnati Educations
9899436384, 9654279279

**13.** साहित्यलाई 'जीवनको समालोचना' कसले मानेका थिए?

(A) मिल्टनले
(B) शेलीले
(C) आर्नल्डले
(D) डार्कले

**14.** 'मृगतृष्णा' कथा-सङ्ग्रहमा विशेष प्रतिनिधित्व गरेको पाइन्छ

(A) हिमालय
(B) दार्जीलिङ्ग
(C) हिमाचल प्रदेश
(D) सिक्किम

**15.** भाव-विस्तार गर्नभन्दा पहिले ध्यान दिने कुरा हो

(A) भाषाको प्रयोग
(B) सन्देशको ग्रहण
(C) मूलभावको ग्रहण
(D) सविस्तार लेखन

तलका प्रश्नहरूको सङ्क्षेपमा उत्तर लेख्नुहोस् : 1×7=7

**16.** ज्योतिषीहरू देवीरमणलाई अर्को विवाह गर्ने सल्लाह किन दिन्थे?

**17.** सत्य, शिव र सुन्दरलाई प्रकाश गर्ने साधन के हो?

**18.** नागा भाषामा 'हुकी' भनेको के हो?

**19.** ब्राह्मणको पाठ खेल्ने सी. आइ. डी. के हुन्?

**20.** 'पद्मा' डा० जगत कुमार छेत्रीको कुन कथा-सङ्ग्रह अन्तर्गत हो?



Unnati Educations
9899436384, 9654279279

**21.** 'मृगतृष्णा'-मा चित्रित केटोको उमेर लेख्नुहोस्।

**22.** कुनै पुस्तक मगाउनको लागि पुस्तक विक्रेतालाई पत्रलेखनलाई कुन प्रकारका हो?

**23.** निम्नलिखित कुनै **एक** गद्यांशको सप्रसङ्ग व्याख्या लेख्नुहोस् : 5

(क) म यही पर्खिबस्छु कारण अब केही बेरमा कपिलवस्तुका राजकुमार सिद्धार्थको यहाँ सवारी हुनेछ। सवारी निश्चय हुनेछ—नहुने कारण म केही देख्तिन।

(ख) म यहाँको ढुंगा ढुंगादेखि परिचित छु। मेरा पुरखाहरू यही बस्थे। हिंड्नुहवस् म तपाईंलाई एउटा पसलमा लिएर जान्छु। म त्यस पसलकी बुढियालाई चिन्छु।

**24.** निम्नलिखित कुनै **चारवटा** प्रश्नको उत्तर लेख्नुहोस् : 3×4=12

(क) नेपाली भाषाभन्दा अङ्ग्रेजी भाषा लेख्न के सजिलो हुन्छ?

(ख) 'पद्मा' कथाबाट पाइने शिक्षा प्रस्तुत गर्नुहोस्।

(ग) 'बेलामा' निबन्धको भाषाबारे लेख्नुहोस्।

(घ) 'नासो' कथामा निहित (हुन) उद्देश्य स्पष्ट पार्नुहोस्।

(ङ) 'त्रिकोण' एकाङ्कीको प्रदीपको चरित्र-चित्रण गर्नुहोस्।

(च) 'मृगतृष्णा'-का पात्र-पात्राहरूका चरित्र-चित्रण गर्नुहोस्।

**25.** निम्नलिखित कुनै **एक** प्रश्नको उत्तर लेख्नुहोस् : 5

(क) 'मेरो एउटा नागाहुकी'-का कथाकारले कसरी देशभक्तिको भावना प्रस्तुत गर्न चाहेका छन्?

(ख) लेखकको अनुसार आँखाका महत्त्वहरू लेख्नुहोस्।

**26.** निम्नलिखित पद्यांश ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : 2+2+1=5

प्रभात, सन्ध्याहरू रङ्ग भर्दछन्  
मेघ आइकन दङ्ग पर्दछन्  
छ नृत्य राम्रो ऋतुको समागम  
दृश्यादि पर्दा दिनरातको क्रम।।



Unnati Educations
9899436384, 9654279279

परीसरी फूल हिली–फुलीकन
टप्काउँछन् सुन्दर मोतिका कण
हजार गाना रसिला निरुपम
सुनाउँछन् पातविषे विहङ्गम।।

(क) पहिलो पदको भावार्थ स्पष्ट गर्नुहोस्।

(ख) दोस्रौ पदको भाव–सौन्दर्य लेख्नुहोस्।

(ग) 'विहङ्गम'–को अर्थ के हो?

**27.** निम्नलिखित गद्यांश ध्यानपूर्वक पढी सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस् : 1+2+2=5

कुनै पनि देश औ जातिका सांस्कृतिक चेतनाको स्पष्ट चित्र उसको आफ्नो भाषाको साहित्यमा देखिन्छ। समाज औ साहित्य एक–अर्कादेखि अभिन्न छन्। समाज बिना साहित्य रचना हुन सक्तैन। जसले साहित्यको सिर्जना गर्छ ऊ साहित्यकार हो। उसले आफूले देखेका, भोगेका, अनुभव गरेका कुराहरू नै आफ्ना रचनामा प्रस्तुत गर्छन्। साहित्यकार आफ्नो युगको प्रणेता हुन्छ।

(क) 'प्रणेता'–को अर्थ स्पष्ट गर्नुहोस्।

(ख) 'सांस्कृतिक चेतना' भन्नाले के बुझिन्छ?

(ग) साहित्यकारले आफ्ना रचनामा के प्रस्तुत गर्छन्?

**28.** निर्देशानुसार उत्तर लेख्नुहोस् : 1×10=10

(क) समासको नाम लेख्नुहोस् :

यमराज; झारपात।

(ख) विपरीतार्थक शब्द लेख्नुहोस् :

तृष्णा; अनुराग।

(ग) 'कर्ण' शब्दका दुइ पर्यायवाची लेख्नुहोस्।

(घ) 'अति' उपसर्ग प्रयोग गरी दुइ शब्द बनाउनुहोस्।

(ङ) 'वाग्धारा' अनि 'प्रत्येक'–का सन्धि–विच्छेद गर्नुहोस्।


Unnati Educations
9899436384, 9654279279

(च) 'इत' प्रत्यय जोडेर दुइ शब्द निर्माण गर्नुहोस्।

(छ) 'कालो अक्षर भैँसी बराबर'-को अर्थ के हो?

(ज) 'अधर/आधार' शब्दजोडीको अर्थ स्पष्ट गर्नुहोस्।

(झ) भाषाको बृहत्तम व्याकरणिक एकाइलाई के भनिन्छ?

(ञ) 'कान्छी जान्छे'-मा उद्देश्य अनि विधेय निर्देश गर्नुहोस्।

**29.** निम्नलिखित कुनै **एकको** भाव-विस्तार गर्नुहोस् : 5

(क) एकता नै बल हो

(ख) मूर्खको औषधि हुँदैन

**30.** साथीका दाज्यूको असामयिक निधन भएकोमा एउटा सम्वेदनापत्र लेख्नुहोस्। 5

**अथवा**

सङ्गीत मेला समारोहमा मुख्य अतिथिको रूपमा जिल्लापाललाई उपस्थित भइ दिने अनुरोध गर्दै निमन्त्रणा-पत्र लेख्नुहोस्।

**31.** निम्नलिखित कुनै **एक** विषयमाथि निबन्ध लेख्नुहोस् : 10

(क) जाति प्रथाको दुष्परिणाम

(ख) साम्प्रदायिक हिंसाको रोकथाम

(ग) जीवनमा इन्टरनेटको महत्त्व

(घ) सुनामी लहरको ताण्डवलीला

★ ★ ★



Unnati Educations

9899436384, 9654279279